# जोरायल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## रावतकट्टे, डोटी
## सुदूरपश्चिम प्रदेश, नेपाल

**सेवा करारमा कर्मचारी आवश्यकता सम्बन्धी सूचना !**

**(सूचना नं. ६४/२०८०-०८१, मिति: २०८०/११/१३)**

क्षयरोग मुक्त नेपाल घोषणा अभियान अन्तर्गत यस जोरायल गाउँपालिकामा क्षयरोगको पहिचान, निदान, रोकथाम र उपचारका क्रियाकलापहरु प्रभावकारी रुपमा संचालन गर्नका लागि तपसिल बमोजिमको संख्या र योग्यता भएको कर्मचारी करारमा राख्नुपर्ने भएकाले योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ दिन भित्र माग बमोजिमका विवरण र राजश्व तिरेको रसिद सहित यस कार्यालयमा निवेदन दिनहुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल:**

१. **पदको विवरण:**

| क्र.सं. | विज्ञापन नं. | पद | तह | माग संख्या | दरखास्त दस्तुर |
|---|---|---|---|---|---|
| १ | ०६-२०८०/०८१ | क्षयरोग मुक्त अभियान संयोजक | छैठौं | १ (एक) | रु. १००० |

२. **आवश्यक न्यूनतम योग्यता:**

- जनस्वास्थ्य विषय वा सो सरहको विषयमा स्नातक
- २१ वर्ष उमेर पूरा भई ४० वर्ष उमेर ननाघेको।
- स्वास्थ्य प्रणाली र क्षयरोग कार्यक्रम सम्बन्धी अनुभव भएको
- अन्य कानून द्धारा अयोग्य नभएको।

३. **आवश्यक कागजात:** आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिमको प्रमाणपत्रको प्रतिलिपिहरु:

- उमेदवारको व्यक्तिगत विवरण
- नेपाली नागरिकताको प्रमाणपत्र
- शैक्षिक योग्यताको प्रमाणपत्रहरु
- कार्य अनुभवका प्रमाणपत्रहरु
- २ प्रति पासपोर्ट आकारको फोटो
- राजश्व तिरेको बैंक रसिद

४. **छनौटको किसिम:** प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन, लिखित परीक्षा र अन्तर्वार्ता ।

५. **प्राथमिकता:** कम्तिमा ३ वर्ष स्वास्थ्य प्रणाली र १ वर्ष क्षयरोग कार्यक्रमको अनुभव भएकालाई प्राथमिकता दिइने।

६. **दरखास्त दिने स्थान:** जोरायल गाउँ कार्यपालिकाको कार्यालय, रावतकट्टे, डोटी।

७. **दरखास्त दिने अन्तिम मिति:** २०८०।११।२७ गते कार्यालय समय भित्र।

८. **तलब तथा सेवा सुविधा:** स्थानीय सेवाको छैठौं तहका कर्मचारीले पाउने सुरु तलब स्केल सरह।

९. **करार अवधी:** २०८१ असार मसान्त सम्म।

१०. **बैंक खाता विवरण:** कृषि विकास बैंक जोरायल शाखामा रहेको यस जोरायल गाउँपालिकाको आन्तरिक राजश्व खाता नं. ०८२७१०१३४६८३६१०६

गणेश दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

**नोट:** **दरखास्त फाराम जोरायल गाउँ कार्यपालिकाको कार्यालयबाट उपलब्ध हुनेछ । साथै यस कार्यालयको वेवसाइट www.jorayalmun.gov.np बाट डाउनलोड गरी प्राप्त गर्न सकिने छ।**